# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बाँफिकोट गाउँपालिका
## रुकुम (पश्चिम भाग)





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बाँफिकोट गाउँपालिका

### रुकुम (पश्चिम भाग)




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## बाँफिकोट गाउँपालिका

### रुकुम (पश्चिम भाग)

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन

प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय**
**कर्णाली प्रदेश**

पत्र संख्याः २०७८।७९
च.नं. ४९ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
बाफिंकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
रुकुम पश्चिम भाग ।

**कैफियत सहितको राय**

हामीले बाफिँकोट गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड ५९ लाख २५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२६ लाख ८६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ९६ लाख ४९ हजार, नियमित गर्नुपर्ने रु.३१ लाख ५६ हजार र पेश्की रु ४ लाख ३४ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.९ करोड २ लाख ९७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.११ करोड ६२ लाख २२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(.................................)
नायब महालेखापरीक्षक

बाँफिकोट गाउँपालिका, रुकुम पश्चिम भाग

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| २० | १४ | २५९२५ | ० | ० | ० | २० | १४ | २५९२५ | २६८६ | ३१५६ | १९६४९ | ० | ० | २२८०५ | ४३४ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाँफिकोट गाउँपालिका रुकुम पश्चिम | ९०२९७ | ० | ० | ९०२९७ | ० | २५९२५ | ११६२२२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बाँफिकोट गाउँपालिका, रुकुम , बन्फीकोट गाउँपालिका , रुकुम पश्चिम भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Gyan Bahadur Khadka | २०७८-४-१ | |
| कार्यालय प्रमुख | Durgabahadur Oli | २०७८-१२-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Keshab Prashad Oli | २०७८-४-१ | |
| लेखा प्रमुख | Mahendra Sharma | २०७८-९-११ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २५,९२४,७८३.४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,९३,८७,२८७.५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४,०९,५७,६३९.५३ | **चालु खर्च** | ३१,३८,६२,८१७.५१ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,२४,०५,००३ | **पूँजीगत खर्च** | १४,७८,९५,५०७ |
| **राजश्व बाँडफाँट** | ७,०२,८०,४९६.५१ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ४६,८९,४०१.३ | | |
| **अन्य आय** | ० | | |
| **कुल आय** | ४६,८३,३२,५४०.३४ | **कुल खर्च** | ४६,१७,५८,३२४.५१ |
| **बाँकी मौज्दात** | | २,५९,६१,५०३.५६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस बाफिकोट गाउपालिकाको स्थापना भएको हो । स्थानी य सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यसपालिका अन्तर्गत .१० वडा, ५४ सभा सदस्य, १९०.२वर्ग किलोमिटर क्षेत्रफल तथा २१ हजार ९०० जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तिय विवरण** | |

| आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ५३,७८,८२,२११.३७ | ४८,१७,७४,१४१.९४ | | ४८,१७,७४,१४१.९४ | ४२,७५,४६,२९६.६१ | १,४३,००,००० | ४४,१८,४६,२९६.६१ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ५३,१३,९३,०८० | ४६,८३,३२,५४०.५७ | ० | ४६,८३,३२,५४०.५७ | ४१,०६,७६,५४२.२४ | १,४३,००,००० | ४२,४९,७६,५४२.२४ |
| ११००० कर | ११ | ७,३८,६२,००० | ७,०२,८०,४९६.५१ | ० | ७,०२,८०,४९६.५१ | ६,५९,५७,१९२.२४ | ० | ६,५९,५७,१९२.२४ |
| १३००० अनुदान | | ४५,७५,३१,०८० | ३९,३३,६२,६४२.५३ | ० | ३९,३३,६२,६४२.५३ | ३४,४७,१९,३५० | १,४३,००,००० | ३५,९०,१९,३५० |
| संघीय सरकार | १२ | ३८,७९,३१,०८० | ३४,०९,५७,६३९.५३ | ० | ३४,०९,५७,६३९.५३ | ३०,४१,९९,३५० | १,४३,००,००० | ३१,८४,९९,३५० |
| प्रदेश सरकार | १२ | ६,९६,००,००० | ५,२४,०५,००३ | ० | ५,२४,०५,००३ | ४,०५,२०,००० | ० | ४,०५,२०,००० |
| १४००० अन्य राजस्व | | ० | ४६,८९,४०१.५३ | ० | ४६,८९,४०१.५३ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ६४,८९,१३१.३७ | १,३४,४१,६०१.३७ | | १,३४,४१,६०१.३७ | १,६८,६९,७५४.३७ | | १,६८,६९,७५४.३७ |
| वितरण गर्न बाकी राजस्व | | ० | ४,९४,९६२ | ० | ४,९४,९६२ | ४,६४,८६२ | ० | ४,६४,८६२ |
| | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कोषहरु | | ६४,८९,१३१.३७ | ५०,१९,०९१.३७ | ० | ५०,१९,०९१.३७ | ५३,२३,१३३.३७ | ० | ५३,२३,१३३.३७ | |
| | | | धरौटी | | ० | ७९,२७,५४८ | ० | ७९,२७,५४८ | १,१०,८१,७५९ | ० | १,१०,८१,७५९ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ५९,७७,६४,२११.३७ | ४७,७९,६५,१२४.५१ | | ४७,७९,६५,१२४.५१ | ३५,१८,२१,७२४.३० | १,११,५६,६८८ | ३६,२९,७८,४१२.३० | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५९,१२,७५,०८० | ४६,१७,५८,३२४.५१ | | ४६,१७,५८,३२४.५१ | ३४,७१,६५,५३५.०१ | १,११,५६,६८८ | ३५,८३,२२,२२३.०१ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १४,८६,८३,००० | १३,९२,२५,७००.५१ | ० | १३,९२,२५,७००.५१ | १०,१५,०१,६९२.२८ | ३,०५,५०० | १०,१८,०७,१९२.२८ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १४,२८,५३,२१४ | १०,९६,२८,८२८ | ० | १०,९६,२८,८२८ | ६,९९,२५,१५८.०६ | ० | ६,९९,२५,१५८.०६ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ४,४८,६२,००० | ३,३९,९०,९४४ | ० | ३,३९,९०,९४४ | ४,९७,७२,५८४ | ० | ४,९७,७२,५८४ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ३,३३,९३,७८६ | २,८६,९४,७९२ | ० | २,८६,९४,७९२ | ३,३६,८२,१८५ | ० | ३,३६,८२,१८५ | |
| | | | २८००० अन्य खर्च | १८ | २३,७२,००० | २३,२२,५५३ | ० | २३,२२,५५३ | १७,१७,८८६.६७ | ० | १७,१७,८८६.६७ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २१,९१,११,०८० | १४,७८,९५,५०७ | ० | १४,७८,९५,५०७ | ९,०५,६६,०२९ | १,०८,५१,१८८ | १०,१४,१७,२१७ | |
| | | | ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | घ. अन्य भूक्तानी | | ६४,८९,१३१.३७ | १,६२,०६,८०० | | १,६२,०६,८०० | ३५,१८,२१,७२४.३० | १,११,५६,६८८ | ३६,२९,७८,४१२.३० | |
| | | | कोषहरु | | ६४,८९,१३१.३७ | ४३,१४,४४१ | ० | ४३,१४,४४१ | २४,०१,१७५ | ० | २४,०१,१७५ | |
| | | | धरौटी | | ० | १,१८,९२,३५९ | ० | १,१८,९२,३५९ | २२,५५,०१४.२९ | ० | २२,५५,०१४.२९ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (५,९८,८२,०००) | ३८,०९,०१७.४३ | | ३८,०९,०१७.४३ | ७,५७,२४,५७२.३१ | ३१,४३,३१२ | ७,८८,६७,८८४.३१ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३,७८,०५,३७३.२१ | | ३,७८,०५,३७३.२१ | ९५,९१,३४१ | | ९५,९१,३४१ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (५,९८,८२,०००) | ४,१६,१४,३९०.६४ | | ४,१६,१४,३९०.६४ | ८,५३,१५,९१३.३१ | ३१,४३,३१२ | ८,८४,५९,२२५.३१ | |
| | | | | | | | | | | | | |
| | | | बैंक तथा नगद बाकी | २४ | | ४,१६,१४,३९० | | ४,१६,१४,३९ | ४,१२,६२,१३६.५ | | ४,१२,६२,१३६.५८ | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| बिषय | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | .६४ | | ०.६४ | ८ | | |

| | CGAS | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | संघीय सरकारबाट अख्तियारी प्राप्त | | | | | | | | | |
| सि.न. | स्रोत समूह | बजेटको स्रोत/तह | कार्यक्रम | विधि | ब.उ.शि.न. | वजेट | निकासा | खर्च | बाँकी बजेट | कैफियत |
| १ | नेपाल सरकार | नेपाल सरकार | सामाजिक सुरक्षा | नगद | ३१४०१०१२३ | ७०३८६९६० | ६८९१०००७ | ६८९१०००७ | १४७६९५३ | |
| २ | नेपाल सरकार | दाताको संयुक्त कोष | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | सोधभर्ना हुने ऋण | ३७०००११६४ | १५०००००० | २९८८८३० | २९८८८३० | १२०१११७० | |
| १ | संघ | प्रदेश सरकार | मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | नगद | 301001024 | १८६५८००० | १६७२७६३१ | १६७२७६३१ | १९३०३६९ | |
| २ | संघ | प्रदेश सरकार | मुख्यमन्त्री | नगद | 301001023 | १०५००० | १०५००० | १०५००० | 0 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | | | | | | | |
| ३ | संघ | प्रदेश सरकार | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | नगद | 312000113 | १४५००० | १३९३२० | १३९३२० | ५६८० | |
| जम्मा | | | | | | १०४२९४९६० | ८८८७०७८८ | ८८८७०७८८ | १५४२४१७२ | |

| | कार्यालय सञ्चालन | | | | | |
|---|---|---|---|---|---|---|
| क्र स | कोषको नाम | गत वर्षको बाँकी | यो वर्षको आय | जम्मा आय | खर्च | बाँकी |
| १ | प्रकोप व्यवस्थापन कोष | २७६६४३२.३७ | १५३००००.०० | ४२९६४३२.३७ | ४२८३३३५.० | १३०९७.३७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | विविध खर्च खाता | | ७२२६५९ | ७२२६५९ | ३११०६ | ६९१५५३ |
| जम्मा | | | ५०१९०९१.३७ | ५०१९०९१.३७ | ४३१४४४१ | ७०४६५० |

| क्र स | शिर्षक | असूली | दाखिला |
|---|---|---|---|
| १ | बेरुजू | ३०९७८ | ३०९७८ |
| जम्मा | | ३०९७८ | ३०९७८ |

वित्तीय विवरण–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः · पालिकाले पेश गरेको वित्तिय विवरणमा सिगास प्रणालीबाट निकासा भई खर्च भएको रु ८८८७०७८८ र विभिन्न कोषको गतको मौज्दात समेत कुल आय रु ५०१९०९१.३७ भई रु ४३१४४४१ खर्च भई बाँकी रु ७०४६५० समावेश छैन । साथै संघीय राजश्व तर्फको असुली तथा दाखिला रु .३०९७८ को कारोबार समावेश छैन। गाउँपालिकाले पालिका र अन्तर्गतका सम्पुर्ण वडा समेतको सबै सम्पत्तिको मूल्याङन गरी लेखाङकन नगरेको कारण पालिकाको सम्पुर्ण सम्पत्तिको उल्लिखित वित्तिय विवरणमा समावेश देखिदैन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>लेखापरीक्षणको क्रममा भुक्तानी हुन नमिल्ने प्रोभिजनल सम आईटमको रु ३०००० असुल भई दाखिला भएको प्रमाण पेश भएको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४</td><td></td><td></td><td>

**बैंक हिसाब मिलान**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.

<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td></td><td>ग २.७ विविध खर्च खाता</td><td>६९१५५३</td><td>६९१५५३</td><td></td></tr>
<tr><td></td><td>ग ३.१ स्थानीय तह धरौटी खाता</td><td>१४४५३२७४.७१</td><td>१४४५३२७४.७१</td><td></td></tr>
<tr><td></td><td>ग ४.१ स्थानीय तह संचित कोष खाता</td><td>२५९६१५०३.५६</td><td>२५९६१५०३.५६</td><td></td></tr>
<tr><td></td><td>ग ६.१ स्थानीय तह विभाज्य कोष खाता</td><td>४९४९६२</td><td>४९४९६२</td><td></td></tr>
<tr><td></td><td>ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>१३०९७.३७</td><td>१३०९७.३७</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४१६१४३९०.६४</td><td>४१६१४३९०.६४</td><td></td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **क्षेत्रगत बजेट र खर्च**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४१८८९०८० | ३०२८३४४६ | ७३।२९ |
| सामाजिक क्षेत्र | २९८३६६००० | २४३४१९७८९।५३ | ८१।५८ |
| पूर्वाधार विकास क्षेत्र | १२२४२३००० | ७१९८६७०० | ६४।६८ |
| वित्तीय व्यवस्थापन र सुशासन | १६५७८००० | १६१७०२१३ | ९७।५४ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ११२०१९००० | ९२६९८१७५।९८ | ८२।७५ |
| **जम्मा** | **५९१२७५०८०** | **४६१७५८३२४।५१** | **७८।०९** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **खर्च विश्लेषण**<br>पालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु ४६८९४०१.५३ राजस्व बाँडफाँड र अनुदानबाट रु ४६३६४३१३९.४८ -समेत रु ४६८३३२५४१.०१ आम्दानी भएकोमा चालु तर्फ रु ३१३८६२८१७.५१ र पूँजिगत तर्फ रु १४७८९५५०७ समेत रु ४६१७५८३०२४.५१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०१ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ५७४०००० खर्च भएको छ जुन आन्तरिक आयको १२२.४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.०१प्रतिशत चालु र ३२.९९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>

**चौमासिक खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । रु (हजारमा)

<table>
<tr><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसोचौमासिक</th></tr>
<tr><td>८०६५९५०२१०१</td><td>७०१४३</td><td>१९४७३</td><td>१४११९</td><td>३६५५१</td><td>१६७०४</td></tr>
<tr><td>८०६५९५०२५०१</td><td>३२०९६</td><td>०</td><td>२०९५</td><td>३०००१</td><td>२७८८७</td></tr>
<tr><td>८०६५९५०२५०२</td><td>३४३९१</td><td>०</td><td>०</td><td>३४३९१</td><td>३२९४२</td></tr>
<tr><td>८०६५९५०२५१२</td><td>११२६१</td><td>०</td><td>०</td><td>११२६१</td><td>९०३१</td></tr>
<tr><td>कूल खर्च:</td><td>१४७८९१</td><td>१९४७३</td><td>१६२१४</td><td>११२२०४</td><td>८६५७२</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td>१००</td><td>१३.१७</td><td>१०.९६</td><td>७५.८७</td><td>५८.५३</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>

**आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।<br>• पालिकाले २०७८।७९को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• उपभोक्ता समिति सँगको समझौता गर्दा सम्झौता फारममा उल्लेख गर्नुपर्ने व्यहोराहरु भर्नुपर्नेमा आंशिक र अधुरो विवरणमात्र भर्ने गरेको पाईयो । संलग्न ढाँचामा बमोजिम सम्पुर्ण विवरणहरु भर्नुपर्ने देखिन्छ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७७।७८ को सम्पूर्ण आर्थिक कारोबार मध्ये प्रदेश तर्फ रु १६९७१९५१ कारोवारको आन्तरिक लेखापरीक्षण गराएको छ भने संघीय कार्यालय सरकारअनुदान तर्फ सामाजिक सुरक्षा तर्फको रु ६८९१०००७.३२ लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको छ । पालिकाले आन्तरिक लेखापरीक्षणको लागि १ पद दरबन्दी भएकोमा पदपूर्ति भएको छैन तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन रिक्त दरबन्दी पदपूर्ति गरी आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | १९ | १६०००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | ४१ | ११०००००० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | १३ | ७८९५००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | ४२ | ७६४००००० |
| ५ | ५० लाख भन्दा माथीका | ७ | ५१०००००० |
| | **जम्मा** | **१२२** | **१४७८९५०००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **भुक्तानी हुन बाँकी**<br>चालु वर्षमा भुक्तानी हुन नसकेका नियममा तोकिएका शिर्षको खर्च आगामी आर्थिक वर्षमा भुक्तानी गर्नुपर्ने भएमा म .ले. प फारम नं २२१ को ढाँचामा भुक्तानी हुन बाँकी दायित्व प्रमाणित गर्नुपर्नेमा गो भौ नं ४८ मिति २०७८।३।१० मा कार्यसम्पन्न भएको डोप्टे सिंचाई आयोजनाको लागि अन्तिम विल वापत निर्माण व्यवसायी साही निर्माण सेवालाई रु १५०६०२७ भुक्तानी भएको पाइयो । भुक्तानी हुन बाँकी दायित्व प्रमाणित वेगर गतको दायित्व भुक्तानी भएको रु १५०६०२७ नियमित हुनुपर्ने रु | १,५०६,०२७ |

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ११.१ | बाँफिकोट गाउपालिका | १५,०६,०२७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री मनकला पुनले २०७८।३।१० गते रु ५९ करोड १२ लाख ७५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १३ | | | **करार शिक्षक**<br>गाउँपालिकाले यो वर्ष ११६ जना शिक्षक करारमा राखी पालिकाले यो वर्ष ८ महिनाको तलब रु २०६०४४३८ खर्च भुक्तानी गरेको छ । लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपातको ख्याल गरेको देखिदैन भने थोरै विद्यार्थी भएको र मर्ज गर्न सम्भव भएका विद्यालयहरु मर्ज गरी दरबन्दी मिलान गरेको समेत देखिदैन । शिक्षक अनुपातको आधारमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम दरबन्दी यकिन गरी विद्यालय मर्ज तथा दरबन्दी मिलान गरी आवश्कयताको आधारमा मात्र करारमा नियुक्ती हुनुपर्ने देखिन्छ । | |
| १४ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १६ र यो बर्ष थप भएको १८ गरी कुल ३४ विवाद दर्ता भएकोमा १८ वटा मात्र फछ्र्यौट भई १६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १५ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस पालिकाले.यस प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु ११३१००० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **विद्यालय अनुदान**<br>स्थानिय सरकार संचालन ऐन, २०७४ ले समानीकरण अनुदान बाट विद्यालय शिक्षकको तलब अनुदान दिन हुदैन भन्ने व्यवस्था गरेको छ । कार्यालयले गो.भौ नं ८२ मिति २०७९।२।१७ बाट दिपेन्द्र आधारभुत विद्यालयलाई रु १८२००० अनुदान दिएको पाइयो । यसरी दिएको अनुदान रकम नियमित हुनुपर्ने रु | १८२,००० |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| १६.१ | बाँफिकोट गाउँपालिका | १,८२,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **पदाधिकारी सुविधा**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आपूm निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार कर्णाली प्रदेश सरकारले प्रथम संशोधन गरी राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनमा उल्लेख भएको सूविधा दिन मिल्ने देखिन्छ । पालिकाले यस वर्ष पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा रु५७४०००० खर्च लेखेको देखिन्छ । | |
| १८ | | | **करार कमर्चारी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६७ जना कर्मचारीहरु करारमा राखी रु. १३८८७६५८ खर्च लेखेको छ । | |
| १९ | | | **दिवा खाजा**<br>दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ अनुसार दिवा खाजा कार्यक्रम अन्तर्गत स्थानीय तहले विद्यालयमा कक्षा संचालनमा रहेको दिनको लागी मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास कक्षा देखी कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागी स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु १५ का दरले १८० दिनका लागी विद्यालयलाई अनुदान दिने उल्लेख छ । कोभिडको कारण विद्यालय २०७८ भाद्र १५ पछि विद्यालयल खुलेको अभिलेखबाट देखिन्छ । विद्यालय बन्द रहेको अवस्थाको समेत हुने गरी शिक्षा शाखाले ४४ विद्यालयलाई १७५ दिवा खाजा निकासा गरेको देखियकोले विद्यालय नखुलेको ३५ दिनको निम्नानुसार रु २१९३४५० बढी निकासा सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु | २,१९३,४५० |

| सि नं | विद्यालय नाम | जम्मा विद्यार्थी संख्या | निकासा रकम | निकासावढी दिन | फिर्तागर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| १ | अणु आवि स्याला | 81 | 212625 | 35 | 42525 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २ | आधारभुत विद्यालय किमुटाकुरा | 58 | 152250 | 35 | 30450 | | |
| | | | | ३ | आधारभूत विद्यालय भैसीमेला | 8 | 21000 | 35 | 4200 | | |
| | | | | ४ | आधारभूत विद्यालय मेलगैरी | 49 | 128625 | 35 | 25725 | | |
| | | | | ५ | एकता आवि ठाँटी झुला | 87 | 228375 | 35 | 45675 | | |
| | | | | ६ | काँशपोखरी आवि दाजापानी दुली | 64 | 168000 | 35 | 33600 | | |
| | | | | ७ | कालिका आवि दुलिङ्गा मम्मा | 49 | 128625 | 35 | 25725 | | |
| | | | | ८ | चन्द्रज्योति आवि छिनखेत | 121 | 317625 | 35 | 63525 | | |
| | | | | ९ | जनएकता आवि लागिम पिपल | 209 | 548625 | 35 | 109725 | | |
| | | | | १० | जनकल्याण आवि नेटापोखरा | 40 | 105000 | 35 | 21000 | | |
| | | | | ११ | जनकल्याण मावि पुरानागाउँ झुला | 123 | 322875 | 35 | 64575 | | |
| | | | | १२ | जनकल्याण मावि जिपु पिपल | 267 | 700875 | 35 | 140175 | | |
| | | | | १३ | जनजागृति आवि खलटाकुरा दुली | 35 | 91875 | 35 | 18375 | | |
| | | | | १४ | जनज्योति आवि दब्लाङ्ग पिपल | 66 | 173250 | 35 | 34650 | | |
| | | | | १५ | जनता आवि कालाखर्क पिपल | 70 | 183750 | 35 | 36750 | | |
| | | | | १६ | जननिर्माण आवि कुनाखेत | 77 | 202125 | 35 | 40425 | | |
| | | | | १७ | जनभावना आधारभूत विद्यालय पिपल | 108 | 283500 | 35 | 56700 | | |
| | | | | १८ | जनविकास आधारभूत विद्यालय भाग्ले | 34 | 89250 | 35 | 17850 | | |
| | | | | १९ | जनहित आधारभूत विद्यालय कोलचौर | 89 | 233625 | 35 | 46725 | | |
| | | | | २० | दिपेन्द्र आधारभूत विद्यालय थारकाटे पिपल | 95 | 249375 | 35 | 49875 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २१ | नवज्योति आवि नदुवा मम्मा | 113 | 296625 | 35 | 59325 | | |
| | | | | २२ | नेरामावि ढारबाङ्ग | 186 | 488250 | 35 | 97650 | | |
| | | | | २३ | नेरामावि दुलीपोखरा | 102 | 267750 | 35 | 53550 | | |
| | | | | २४ | बालकल्याण आवि बराटाकुरा दुली | 50 | 131250 | 35 | 26250 | | |
| | | | | २५ | बालकल्याण माध्यमिक विद्यालय सिम्तारु | 136 | 357000 | 35 | 71400 | | |
| | | | | २६ | बालजागरण आवि फेरा झुला | 47 | 123375 | 35 | 24675 | | |
| | | | | २७ | बालविकास आधारभूत विद्यालय बडागाउ | 95 | 249375 | 35 | 49875 | | |
| | | | | २८ | बालसेवा आधारभूत विद्यालय बलहान्ना | 130 | 341250 | 35 | 68250 | | |
| | | | | २९ | बालसेवा आवि माथिपिपलगैरा | 142 | 372750 | 35 | 74550 | | |
| | | | | ३० | बालहित आवि सेजे झुला | 62 | 162750 | 35 | 32550 | | |
| | | | | ३१ | भानुभक्त मावि गाराबाङ्ग झुला | 97 | 254625 | 35 | 50925 | | |
| | | | | ३२ | मच्छिन्द्र आवि पुरानाठाँटी | 25 | 65625 | 35 | 13125 | | |
| | | | | ३३ | रत्न आधारभूत विद्यालय बाँफीकाडा | 74 | 194250 | 35 | 38850 | | |
| | | | | ३४ | लक्ष्मी आधारभूत विद्यालय जिपसिंह | 80 | 210000 | 35 | 42000 | | |
| | | | | ३५ | विकट आधारभूत विद्यालय लेखाबाङ्ग | 24 | 63000 | 35 | 12600 | | |
| | | | | ३६ | विरेन्द्र माध्यमिक विद्यालय बाँफीकोट | 196 | 514500 | 35 | 102900 | | |
| | | | | ३७ | शंकर आवि नेपाने | 53 | 139125 | 35 | 27825 | | |
| | | | | ३८ | शान्ति आवि मेलडाँडा मम्मा | 101 | 265125 | 35 | 53025 | | |
| | | | | ३९ | शिशुसाक्षर आवि मोराबाङ्ग झुला | 60 | 157500 | 35 | 31500 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४० | सरस्वती आवि डारुगाउँ मम्मा | 78 | 204750 | 35 | 40950 | | |
| | | | | ४१ | सिद्धार्थ जनता मावि मम्मा | 184 | 483000 | 35 | 96600 | | |
| | | | | ४२ | स्यार्पूताल मावि स्यार्पूदह | 156 | 409500 | 35 | 81900 | | |
| | | | | ४३ | हरि आवि बास्थला मम्मा | 138 | 362250 | 35 | 72450 | | |
| | | | | ४४ | हिमालय नमुना आवि गोरेकाँडा मम्मा | 119 | 312375 | 35 | 62475 | | |
| | | | | | | 4178 | 10967250 | 1540 | 2193450 | | |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| १९.१ | बाँफिकोट गाउँपालिका | २१,९३,४५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **जेष्ठ किसान प्रोत्साहन**<br>एक घर एक जेष्ठ किसान प्रोत्साहन वितरण कार्यविधि २०७८ पारित गरी गाउँपालिकाले यो वर्ष ४१२ जनालाई वार्षिक ६००० का दरले रु २४७२००० गो भौ नं २५७ मिति २०७९।३।२३ बाट भुक्तानी गरेको छ । कार्यविधि अनुसार कार्यापालिकाको बैठकले पारित गरेको मिति देखी लागु हुनेछ भन्ने उल्लेख छ । कार्यपालिकाले २०७८ श्रावण १ देखी लागु हुने गरी मिति मा गरेको निर्णयनानुसार उक्त भत्ता वितरण गरेको छ । गाउँ पालिकाको आन्तरिक श्रोत बाट यो वर्ष रु ४६८९४०१ आम्दानी भएको (सो मध्ये जनप्रतिनिधिले दाखिला गरेको नमिल्ने सुविधा वापतको रु ) पाइयो । न्यून आन्तरिक आय भएको अवस्थामा अनुदानमा निर्भर वितरणमुखी कार्यक्रम संचालन गर्दा यस्ता कार्यक्रमको दीगोपन तथा विकास निर्माणका क्रियाकलापमा नकारात्मक असर पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **शेयर लगानी**<br>कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा लि.न. १९६३१५ मा दर्ता भएको स्यार्पु पावर कम्पनि लिमिटेडमा संस्थापक शेयरधनिको रुपमा देहाय अनुसारका ६ स्थानीय तह र जिल्ला समन्वय समिति समेतको २ लाख ७५ हजार शेयरको प्रति शेयर रु.१०० दरले रु. २,७५,००,०००.०० को संस्थापक लगानि निर्धारण गरेको मध्ये २०७६।६।१० सम्म रु. १,४१,७२,४८५.०० शेयर लगानी वापत पावर कम्पनि लिमिटेडको नाममा रकम पठाइसकेको देखिन्छ । लिमिटेड कम्पनिमा लगानी गर्ने र प्रतिफल सम्वन्धमा संस्थापक शेयरधनीको रुपमा रहेका स्थानीय तहले साझा अवधारणा तयार गरेको देखिएन । नाफामुलक लिमिटेड कम्पनिमा लगानी गर्ने सम्वन्धमा सेवा प्रदायक तहले समिक्षा गर्नुपर्ने देखिन्छ । शेयर लगानीको रुपमा खर्च लेखाङ्कन गरेको रकम कतिपय स्थानीय तहले आयव्यय विवरणमा शेयर लगानीको रुपमा देखाएका छैनन् । यसबाट वित्तिय विवरणमा लगानी लेखाङ्कन नभएको अवस्था छ । वित्तिय विवरणमा लगानी प्रतिविम्वित गर्नेगरी सुधार गर्नुका साथै शेयर प्रमाण पत्र प्राप्त गर्ने र उक्त कम्पनी संचालनको साझा अवधारणा तय गरी प्रतिफलयुक्त तवरले उत्पादन संचालनमा समेत अग्रसर हुनुपर्दछ। | |

| क्र. स. | स्थानीय तह | शेयर कित्ता | भुक्तानी भएको (रु) | भुक्तानी बाँकी (रु) |
|---|---|---|---|---|
| 1. | आठबिसकोट | ६०००० | १००००००.०० | ५००००००.०० |
| 2. | मुसिकोट | ३०००० | ३००००००.०० | ० |
| 3. | चौरजहारी | ३०००० | १००००००.०० | २००००००.०० |
| 4. | बाफिकोट | ३०००० | १००००००.०० | २००००००.०० |
| 5. | सानीभेरी | ३०००० | १००००००.०० | २००००००.०० |
| 6. | त्रिवेणी | ३०००० | १००००००.०० | २००००००.०० |
| 7. | जिल्ला समन्वय समिति | ६५००० | ६१७२४५८.०० | ३२७५४२.०० |
| | **जम्मा** | **२७५०००** | **१४१७२४५८.००** | **१३३२७५४२.००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **फर्छ्यौट हुन बाँकी पेश्की**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ बमोजिम पेश्की फछ्यौट हुनुपर्दछ । आर्थिक वर्षको अन्तसम्म स्वास्थ्य शाखा संयोजक श्री जानकी मल्लको नाउँमा रहेको म्याद नाघेको पेश्की रु ४३४००० नियमानुसार फछ्यौट हुनुपर्ने रु<br><br>**क्रम** \| **कर्मचारीको नाम** \| **असुली रकम**<br>२२.१ \| बाँफिकोट गाउँपालिका \| ४,३४,००० | ४३४,००० |
| २३ | | | **समपुरक कोष**<br>यो वर्ष रु ८१२०६९ खर्च भएकोमा समपुरक कोषको खर्च सम्बन्धि कार्यविधि बनाएको पाइएन । समपुरक कोषबाट सम्झौतानुसार सृजना हुने कार्यक्रम भुक्तानीमा खर्च गर्ने गरी कार्यविधि बनाउनुपर्ने देखिन्छ । समपुरक कोषको व्यवस्था निर्देशिका बमोजिम गरी कार्यक्रम संचालन गरेर जलवायु अनुकुलन कार्यक्रमको स्वामित्व पालिकामा प्राप्तभै दिगोपना कायम हुने र प्रभाव सकरात्मक देखिने अवस्थमा पालिकाले कार्यविधि वेगर निम्नानुसार समपुरक कोषको भन्दा अन्य दायित्व खर्च भएको रु ८१२०६७ नियमित हुनुपर्ने रु ८१२०६७<br><br>सि नं \| गौ भौ नं/मिति \| खर्चका व्यहोराहरु \| भुक्तानी रकम<br>१ \| ७८-०७८।१०।६ \| जनप्रतिनिधिको दैनिक भ्रमण भत्ता \| ४६०००<br>२ \| ८२-०७८।१०।७ \| जनप्रतिनिधिको दैनिक भ्रमण भत्ता \| ३७२३४<br>३ \| १२०-०७८।१२।८ \| औषधी खरिदको भुक्तानी \| २७८८३५<br>४ \| १२२-०७८।१२।८ \| कालाखोला योजनालाई भुक्तानी \| ३१००००<br>५ \| १३९-०७८।१२।२४ \| पत्रकारिता तालिमको सोधर्भना \| १४०००<br>**जम्मा** \| \| \| **८१२०६७**<br><br>**क्रम** \| **कर्मचारीको नाम** \| **असुली रकम**<br>२३.१ \| बाँफिकोट गाउँपालिका \| ८,१२,०६७ | ८१२,०६७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु ७४३२२६ खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २५ | | | **कार्यसम्पन्न प्रतिवेदन**<br>पालिकाले शर्शत अनुदान मार्फत संघ सरकारबाट प्राप्त अनुदान सोही प्रयोजनमा खर्च हुनुपर्दछ । यो वर्ष संघ सरकारको अनुदान श्रोतबाट विभिन्न विद्यालयको भवन निर्माण को लागि गो भौ नं १४७ मिति २०७९।३।२३ बाट निकासा भएको रु १८०००००० रकमको भवन निर्माण को कार्यसम्पन्न प्रतिवेदन पेशहुनुपर्ने रु | १८,०००,००० |

| सि नं | विद्यालयको नाम | प्रयोजन | निकासा रकम |
|---|---|---|---|
| १ | जनएकता आवि लागिम पिपल | दुइ कोठे भवन निर्माण | १८००००० |
| २ | नेरा मावि ढारबाङग | चार कोठे भवन निर्माण | ३६००००० |
| ३ | नेरा मावि दुलीपोखरा | चार कोठे भवन निर्माण | ३६००००० |
| ४ | बालकल्याण माध्यामिक विद्यालय सिम्तारु | चारकोठे भवन निर्माण | ३६००००० |
| ५ | विरेन्द्र माध्यामिक विद्यालय बाँकीकोट | चारकोठे भवन निर्माण | ३६००००० |
| ६ | सिद्धार्थ जनता मावि मम्मा | दुइ कोठे भवन निर्माण | १८००००० |
| जम्मा | | | १८०००००० |

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| २५.१ | बाँफिकोट गाउँपालिका | १,८०,००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **प्रदेश संचित कोष**<br>अन्तरसरकारी वित्तीय हस्तान्तरण ऐन, २०७४ तथा कर्णाली प्रदेश आर्थिक ऐन अनुसार नदिजन्य पर्दाथमा प्रदेश र पालिकाबीच ४० र ६० प्रतिशत बाँडफाँड हुनुपर्ने व्यवस्था छ । पालिकाले यो आ व को संकलित नदिजन्य राजश्व रु ४९४९६२ भएको पाइयो । सो मध्ये ४० प्रतिशतले हुने रु १९७९८४.८ प्रदेश संचित कोषमा पठाएको पाईएन । प्रदेश संचित कोषमा पठाउनुपर्ने उक्त रकम दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु | १९७,९८४.८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>विल भरपाई वेगर भुक्तानी<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९ अनुसार भुक्तानी गर्दा खर्च प्रमाणीत हुने कागजात जाँच गरेर मात्र भुक्तानी दिने व्यवस्था छ । गाउपालिकाले वडा नं ९ का वडा अध्यक्ष श्री कविराम खत्री लाई गो भौ नं ८२ मिति २०७८।१०।७ बाट भ्रमण खर्च वापत ticket र वोर्डिङ पास वेगर निम्नानुसार रु १६८०० भुक्तानी गरेको सम्बन्धित व्यक्तिबाट असुल हुनुपर्ने रु<br><table><tr><td>रुट</td><td>भुक्तानी</td></tr><tr><td>रुकुम देखी नेपालगंन्ज</td><td>५०००</td></tr><tr><td>काठमाण्डौ देखी सुर्खेत</td><td>६८००</td></tr><tr><td>नेपालगंन्ज देखी रुकुम</td><td>५०००</td></tr><tr><td>जम्मा</td><td>१६८००</td></tr></table></td><td>१६,८००</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>नापी भन्दा बढी भुक्तानी<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियमा १२३ (१ ख )अनुसार प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको भुक्तानी हुनुपर्ने उल्लेख छ । पालिकाले देहायका योजनाहरुमा नापी भन्दा बढी भुक्तानी भएको सम्बन्धित बाट असुल गर्नुपर्ने रु<br><table><tr><th>गो भौ नं/ मिति</th><th>योजनाको नाम</th><th>नापी रकम</th><th>भुक्तानी रकम</th><th>बढी भुक्तानी</th></tr><tr><td>९।०७८।७।१५</td><td>स्वास्थ्य भवन निर्माण उ स</td><td>१८८४५१२</td><td>१९५०८२०</td><td>६६३०८</td></tr><tr><td>१०।०७८।७।१५</td><td>स्वास्थ्य भवन निर्माण उ स वडा नं १</td><td>१८६३२५३</td><td>१८८१०००</td><td>१६४३७</td></tr><tr><td>११।०७८।७।१५</td><td>स्वास्थ्य भवन निर्माण उ स वडा नं ८</td><td>१८५४०५६</td><td>१८७९६९०</td><td>२५६३४</td></tr><tr><td>३६।०७८।७।१७</td><td>सिम सल्ले चौरडाडा सडक</td><td>१९३०७९</td><td>४८५०००</td><td>२९१९२१</td></tr><tr><td>जम्मा</td><td></td><td></td><td></td><td>४००३००</td></tr></table></td><td>४००,३००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (१ ख )अनुसार प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको भुक्तानी हुनुपर्ने उल्लेख छ ।पालिकाले मूख्यमन्त्री कार्यक्रम अन्तर्गत गो भौ नं १ ।२०७९।३।१३ बाट जुगाने अओल सिंचाई योजना निर्माण अन्तर्गत रिजाल हार्डवयर एण्ड सप्लार्यस लाई ११० mm dia 4 kg cm2 को पाइप रु ४५८.२२ दरले 150 m मात्र खरिद गरेकोमा १८०m पाइपको भुक्तानी भएकोले बढी भुक्तानी भएको सम्बन्धित बाट असुल हुनुपर्ने रु | १३,७४६.६ |
| ३० | | | **मू.अ.कर बढी भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम रित पुगे नपुगेको चेक जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले मूख्यमन्त्री कार्यक्रम अन्तर्गत गो.भौ .नं १ मिति २०७९।३। १३ बाट खेलकुद रंगशाला निमाणको लागत अनुमानमा (inclusive vat) संलग्न भएकोमा रिजाल हार्डवयर एण्ड सप्लार्यस बाट सामान खरिद गर्दा थप १३ प्रतिशत मू. अ .कर थप गरी भुक्तानी भएको पाइयो । दर विश्लेषणमा उल्लेख गरे भन्दा फरक तरिकाले भुक्तानी गर्दा बढी मू. अ. कर रु ६१५९६ भुक्तानी भएको असुल हुनुपर्ने रु | ६१,५९६ |
| ३१ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद नियमावली २०६४ को ११ औ संशोधन पूर्व नियम ८५ मा रु ५ लाख भन्दा बढीको खरिद कार्य सिलबन्दी दरभाउपत्र लिएर गर्नुपर्नेमा कार्यालयले गो भौ न ७ मिति २०७८।७।२५ बाट सिस्ने हिमाल विलडर्स प्रालि लाई वडा नं ६,४ मा मर्मत कार्य वापत रु ६५६००० भुक्तानी गरेको पाइयो । २ स्थानमा काम गरेको र वडाले कार्यदेश दिएको उल्लेख भएतापनी कार्यदेश संलग्न पाइएन । सोझै खरिद गर्न तोकिएको सिमाभन्दा बढीको खरिद कार्य गरी भुक्तानी भएको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु | ६५६,००० |
| ३२ | | | **वडा नं १ कार्यालय भवन निर्माण**<br>२०७९।३।२५ मा कार्यसम्पादन गर्ने गरी निर्माण व्यवसायि सिस्ने स्यार्पु कन्स्ट्रक्सन सँग रु ८९५६८४९ को सम्झौता मूल्यमा २०७८।११।२६ मा ५६४२२४३ को मूल्याङकन गरी ५४९०००० भुक्तानी भई १५२२४३ भुक्तानी दिन बाँकी देखिन्छ । प्रथम विल मूल्याङकन गर्दा विमा पोलिसी वेगर रु १००००० टेष्ट रिपोर्ट वेगर ३०००० र ओभरहेड वापत २०००० गरी १५०००० भुक्तानी गर्न नमिल्ने देखिन्छ । भने सो मध्ये टेष्ट रिपोर्ट वापतको रु ३०००० ले पक को क्रममा दाखिला भएको छ। २०७९।३।२५ सम्म सम्पन्न हुनुपर्ने उक्त निर्माण कार्यको म्याद थप हालसम्म भएको पाइएन । ठेक्का सम्झौताका शर्त बमोजिम ठेक्का फरफारक हुनुपर्दछ । | |
| ३३ | | | **ठे.नं BRM/ NCB/works/9-77/78**<br><br>ठे नं BRM/NCB/works/9-77/78 स्यार्पूताल वरिपरी वगैचा प्रतिक्षालय वाटो तथा अन्य पूर्वधार निर्माण गर्न मू.अ कर समेत रु ३८०२६२५७ को लागत अनुमान स्वीकृत भई ई. विडिङ प्रकृयाबाट खरिद कार्य शुरु भएको र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलको लागत साझेदारीमा पालिकाले कुल लागतको ३० प्रतिशत व्यहोर्ने गरी पालिकाले मन्त्रालयमा २०७७ भाद्र ३० मा पेश गरेकोमा पाइयो । खरिद प्रकृया अनुसार सबैभन्दा कम कबोल गर्ने निर्माण व्यवसायी धुलिखेल सिस्ने हिमाल जेभी को मू.अ कर समेतको कबोल अंक रु १५५५०५३४।४७ मा २०७८।९।३० सम्म कार्यसम्पन्न गर्ने गरी २०७८।७।३० मा सम्झौता भएको पाइयो । भने उक्त ठेक्काको म्याद | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७९।३।२५ सम्म थप भएको र उक्त अवधिमा रु ७८४४१८७.२९ को कार्य भएको प्रथम चालु विल पेश भएको छ भने मिति उल्लेख नभएको रु १५५५०४८६.३१ को कार्यसम्पन्न प्रतिवेदन तयार गरेको पाईयो । निर्माण व्यवसायीलाई गाउँपालिकाको श्रोतबाट प्रथम चालु विल मध्येको रु ५२१८००० भुक्तानी भएको छ । २०७९।३।२५ मा म्याद समाप्त भएकोमा हाल सम्म उक्त ठेक्काको म्याद थप भएको तथा स्थल गत रुपमा अवलोकन गर्दा कार्य सम्पन्न भएको समेत देखिदैन । ठेक्का सम्झौताको शर्त बमोजिम ठेक्का फरफारक हुनुपर्दछ । यस सम्बन्धमा पेश भएका श्रेस्ता अनुसार देखिएका व्यहोरा निम्न छन।<br>**(क)कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा त्रुटी सच्याउने भन्दा १ महिना थप अवधि सम्मको कार्यसम्पन्न जमानत हुनुपर्ने उल्लेख छ । ३६५ दिन त्रुटी सच्याउने अवधि रहेको यस कार्यको कार्यसम्पन्न हुने म्याद २०७८।९।३० रहेकोमा २०७९।९।३० सम्मको अवधि भएको कार्यसम्पादन जमानत लिएर सम्झौता गर्नुपर्नेमा नेपाल वंगलादेश बैंकको नोभेम्बर १६ २०२१ मा जारी भएको जमानत नं NB090PB; 901/2021 को रु ९८१४००० जमानतको म्याद २०२२।३।१४ (२०७८।११।३०) सम्म मात्र रहेकोमा लेखापरीक्षणका क्रममा नविल वैंक(साविक बैंगलादेश बैंक मर्ज भएकव ) बाट २०२२।१२। १९ (२०७९।९।४) सम्म म्याद थप भएको कार्यसम्पादन जमानत पेश भएको छ । हालसम्म प्रथम चालु विल वापत रु ५२१८००० भुक्तानी भई ५०.४४ प्रतिशत काम बाँकी रहेको अवस्थामा म्याद थप समेतको अवस्थालाई समेत खाम्नेगरी कार्यसम्पादन जमानतको म्याद थप हुनुपर्दछ ।<br>**(ख)श्रोत सुनिश्चता र स्थलगत अवलोकनः** उक्त कार्यको म्याद २०७९।३।२५ सम्म म्याद थप भएकोमा प्राविधिक मूल्याङकनमा सम्पन्न देखाएपनि कार्यस्थलमा कार्यसम्पन्न पनि नभएको तथा श्रोत सुनिश्चित भएको नदेखिएकोले श्रोत सुनिश्चित हुनुपर्ने सडक बनाउदा निस्कने ढुंगा माटो १ कि मी टाढा फाल्नुपर्ने भनी आइटम नं २ मा उल्ललेख छ । स्थलगत रुपमा अवलोकन गर्दा सम्झौता अनुसार तोकिएको (१ कि मि टाढा ) स्थानमा नफाली सडक खन्दा निस्किएको ढुंगा माटो तालमा खसाएको पाइयो । यसले गर्दा एकातिर सम्झौता कार्यान्वयन भएको देखिदैन भने अर्को तर्फ ताल पुरिन गएको अवस्था देखिन्छ । सम्झौताको शर्त बमोजिम तोकिएको ठाउमा खनेको ढुंगा माटो नफाल्ने निर्माण व्यवसायीलाई सोही बमोजिम गणना गरी भुक्तानीमा कट्टी हुनुपर्ने देखिन्छ भने तालमाथि ढुंगा माटो फाल्नेलाई नियम अनुसार कारबाही गर्नुपर्दछ। यसका अतिरिक्त उक्त प्याकेजमा रहेको मन्दिर समेत निर्माणाधिन रहेको पाइयो । सम्झौताको शर्त बमोजिमको गुणस्तर, परिमाण र तरिका बमोजिम कार्यसम्पन्न हुनुपर्दछ भने कार्यसम्पन्न नहुदै कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु उपयुक्त नदेखिएकोले सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <br>(निर्माणाधीन मन्दिर) | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | |  (सडक खन्दा निस्किने ढुंगा माटो १ कि मि टाढा फाल्नुपर्नेमा तालमा फालेको ) | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>खरिद कारबाहीको अभिलेख<br>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ७२ मा सार्वजनिक निकायले खरिद कारवाही सम्बन्धि कारवाहीको अभिलेख तोकिए बमोजिम सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ मा तोकिएको अवधि सम्मको लागि सुरक्षित तरिकाले राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाका अधिकांश खरिद कारवाहीको अभिलेख अव्यवस्थित र असुरक्षित तवरले राखेको पाइयो जस्का कारण परीक्षणका क्रममा आवश्यक कागजात र प्रमाण प्राप्त हुन सकेन । अत: खरिद कारवाही सम्बन्धि कागजात निर्धारित समयका लागि सुरक्षित र व्यवस्थित तवरले सिलसिलाबद्ध रुपमा राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>मू.अ.कर समायोजन<br>मू.अ. कर नियमाबली २०५३को नियम १७-१ अनुसार मू.अ. करमा दर्ता भएका ब्यक्तिले बस्तु वा सेवा आपुर्ति गर्दा अनुसुची ५ बमोजिमको कर बिजक जारी गर्नुपर्ने व्यबस्था रहेको छ।साथै आन्तरिक राजश्व बिभागको मिति २०५५।३।३२ र २०६५।७।१० को परिपत्र अनुसार मू.अ. करमा दर्ता भएका कर दाताले हरेक बर्ष बिजकको क्रम संख्या१ बाट शुरु गर्नुपर्ने र कर बिजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने ब्यबस्था छ भने नियमानुसार मू.अ. कर विवरण सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्दछ । कार्यालयले निम्नानुसार निर्माण ब्यबसायीहरु लाई भुक्तानि दिंदा मू.अ.कर बिजकमा हातले , नम्बर राखेको ननफाईलर रहेको तथा फोटोकपी विजक पेश गरेको पाइएकोले सम्बन्धित व्यवसायिबाट मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>भौ नं/मिति</th><th>निर्माण व्यवसायीहरु र प्रयोजन</th><th>जम्मा भुक्तानी</th><th>मू.अ कर वापत भुक्तानी</th><th>भ्याट नं</th><th>कैफियत</th></tr>
<tr><td>१२।२०७९।३।२४</td><td>साहिकुमारी इन्जिनियरिङ कन्सल्टेन्सी</td><td>७७२६६८</td><td>८८८९२</td><td>६०६७५१३१७</td><td>Non filer</td></tr>
<tr><td>१४६।२०७८।१२।२८</td><td>Next consult pvt ltd</td><td>१०५९०००</td><td>१३७६७०</td><td>६०३३४५२८३</td><td>Non filer</td></tr>
<tr><td>३।२०७८।७।१५</td><td>Prasansha farma and distributor</td><td>१७२५०००</td><td>२२४२५०</td><td>६०८३९५५४०</td><td>Non filer</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४५०८१२</td><td></td><td></td></tr>
</table></td><td>४५०,८१२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>
जलवायु परिवर्तन सहयोग कार्याक्रम<br>
यस कार्यक्रमको लागी रु १४३००७०० बजेट विनियोजन भई रु १३९५७६२८ खर्च भएको छ । यस कार्यक्रम संचालन सम्बन्धमा गाउपालिकाले प्राविधिक सहायक संस्थासँग गरेको सहमति लेखापरीक्षणको क्रममा माग गर्दा पेश हुन आएन । पालिकाले यस कार्यक्रम अन्तर्गत संचालित विभिन्नन योजनाको सम्बन्धमा गाँउपालिकाले प्राविधिक नांपजाँच पश्चात NCCSP-2 बाट रिभ्यु पश्चत पालिकाबाट भएको मूल्याङकनलाई अन्तिम मूल्याङकन गर्ने गरेको पाइयो । यसले गर्दा पालिकाको शुरु मूल्याङकन र भुक्तानी हुने समयको मूल्याङकनमा फरकपन देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन । (क) बजेट हेरफेरः गाउपालिका र NCCSP-2 विचको सहमति बमोजिम बजेट व्यवस्थापन हुनुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले एकपक्षिय रुपमा निम्नानुसार संसोधन गरेको पाईयो ।
<table>
<tr><td></td><td></td><td colspan="2">शुरुको बजेट</td><td colspan="2">गाउपालिकाबाट संसोधित बजेट</td></tr>
<tr><td>सि नं</td><td>कार्यक्रम</td><td>NCCSP-2 श्रोत</td><td>गाउँपालिका श्रोत</td><td>NCCSP-2 बजेट श्रोत</td><td>पालिकाबाट म्याचिङ हुनुपर्ने</td></tr>
<tr><td>१</td><td>विउरेनी दारी पिपल सिंचाई योजना</td><td>४००००००</td><td>५०००००</td><td>३७९००००</td><td>०</td></tr>
<tr><td>२</td><td>पुमा- कुनाखेत सिंचाइ योजना</td><td>४००००००</td><td>१०००००</td><td>३७९००००</td><td>०</td></tr>
<tr><td>३</td><td>कसेनी लिखावाङग खानेपानी तथा सिंचाइ योजना</td><td>५२८००००</td><td>४०००००</td><td>४९०००००</td><td>०</td></tr>
<tr><td>४</td><td>दमदाली खानेपानी योजना</td><td>०</td><td>१००००००</td><td>१००००००</td><td>०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td></td></tr>
</table>
शुरु बजेटमा एकपक्षिय रुपमा गाउँपालिकाले परिवर्तन गरेको र म्याचिङ फण्ड बाट योजनामा भुक्तानी नगरेको कारण प्राविधिक मूल्याङकन अनुसार उपभोक्ता समितिले कम भुक्तानी पाएको देखिन्छ । दिपक्षीय सहमतिका आधारमा बजेट संसोधन हुनुपर्नेमा बजेट संसोधन गरेर अन्य योजना समेतबाट कट्टी रकमबाट पालिका श्रोतबाट खर्च व्यहोर्नुपर्ने दमदाली खानेपानी योजनामा दाताको श्रोतबाट खर्च गरेको रकम सम्बन्धमा दाताको सहमति पेश हुनुपर्ने रु
</td><td>१,०००,०००</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>
सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण<br>
स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ:<br>
पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक जग्गा सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको जग्गा सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु अद्यावधिक अभिलेख राख्नु पर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | संपरीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाको अद्यावधिक बेरुजु रु ९ करोड २ लाख ९७ हजार रहेकोमा लेखापरीक्षणको क्रममा संपरीक्षणको लागी पेश नभएकोले संपरीक्षण भएको छैन । नियमानुसार बेरुजु फर्छयौट हुनुपर्दछ । | |
| ३९ | | | अद्यावधिक बेरुजु<br>यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ।<br>रु( हजारमा) | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ९०२९७ | ० | २५०२५ | ० | ११५३२२ |


https://nams.oag.gov.np